# लक्ष्मीपुर पतारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीपुर पतारी, सिरहा
मधेश प्रदेश, नेपाल
फोन नं. ९८५२८३२... इमेलः laxmipurpatari@gmail.com


प. सं. : २०७९/०८०

चलानी नं. : ९५६०

मिति: २०८०/०३/०५

विषयः- भुक्तानी तथा खाता बन्द सम्बन्धमा।

श्री वडा कार्यालयहरु सबै लक्ष्मीपुर पतारी गाउँपालिका, सिरहा।
श्री विषयगत शाखाहरु ,लक्ष्मीपुर पतारी गाउँपालिका, सिरहा।
श्री सम्बन्धित निर्माण व्यवसायीहरु तथा उपभोक्ता समितिहरु सवै।
श्री सरोकारवाला निकाय,संघ संस्था,व्यक्ति आदि सवै।

उपरोक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० (१) वमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अधावधिक गरी भुक्तानी निकाशा बन्द गर्नुपर्ने कानूनी प्रावधान रहेको छ। सोही समय भित्र भुक्तानी निकाशा सम्पन्न गर्नुपर्ने राजस्व,करहरु दाखिला गर्नुपर्ने ,फिर्ता गर्नुपर्ने रकमहरु फिर्ता गरि सक्नुपर्ने,हिसाब मिलान गरी तालुकदार निकायहरुलाई प्रतिवेदन गरी सक्नुपर्ने छ। चालु आर्थिक वर्षमा सम्झौता भएका योजनाहरुको अनुगमन गर्नुपर्ने,गुणस्तरीय मापन गर्नुपर्ने ,स्थलगत नापजाँच ,सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने लगायतका कार्यहरुको चापको कारणले गर्दा समेत कार्यपालिकाको निर्णय बमोजिम चालु आ.व. मा अब उपरान्त योजनाहरु सम्झौता नहुने भएकोले सम्झौता भएका योजना तथा कार्यक्रमहरु यथासिघ्र गुणस्तरीय र लागत इष्टीमेट वमोजिम प्रभावकारी रुपमा सम्पन्न गरी मिति २०८०/०३/१५ गते भित्र भुक्तानी हुने गरी समयमा नै कार्यालयमा सम्पूर्ण प्रक्रिया पु-याई आवश्यक कागजातहरु पेश गर्नु हुन सम्बन्धित सवैलाई अनुरोध छ। सम्पूर्ण प्रक्रिया पु-याई समयमा कागजात पेश नभएमा वा प्रक्रिया नपु-याई कागजात पेश भएमा भुक्तानी गर्न नसकिने र सोको जवाफदेही कार्यालय नहुने व्यहोरा समेत सम्बन्धित सवैलाई यसै पत्र मार्फत जानकारीको लागि अनुरोध छ।

बोधार्थः
श्री अर्थ मन्त्रालय,सिंहदरवार,काठमाण्डौं।
श्री संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, सिंहदरवार ,काठमाण्डौं।
श्री अर्थ मन्त्रालय,मधेश प्रदेश सरकार जनकपुरधाम,धनुषा।
श्री जिल्ला समन्वय समिति, सिरहा।
श्री जिल्ला प्रशासन कार्यालय, सिरहा।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय , सिरहा।
अवगतार्थ तथा सहयोगतार्थः
श्री गा.पा. अध्यक्ष/ उपाध्यक्ष ज्यु ,लक्ष्मीपुर पतारी,सिरहा।
श्री वडाध्यक्ष ज्युहरु वडा कार्यालय सवै ,लक्ष्मीपुर पतारी गा.पा ,सिरहा।

........................
लेखा शाखा

२०८०/३/५
प्रमुख प्रशासकीय अधिकृत
अशोक कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner